# जातिय अल्पसंख्यकहरुको समानताको प्रवद्र्धनका लागि विद्यमान तथा योजनाबद्ध उपायहरु

## समाज कल्याण

आवश्यकता भएका सबै हङकङ निवासीहरुले यदि आफ्नो योग्यता मापदण्ड पूरा गर्छन्, कुनै जातिय भेदभाव बिना नै समाज कल्याणका सेवा प्रति समान पहुँचको अधिकार राख्छन् ।

समाज कल्याण विभाग (SWD) ले जातिय समानताको प्रवद्र्धनका लागि लिएका वा लिइने कदम तथा जातिय अल्पसंख्यकहरुलका लागि भएका समाज कल्याणका सेवाहरु प्रतिको समान पहुँचका प्रावधानहरु निम्नानुसार रहेका छन्:

**A. सान्दर्भिक समाज कल्याण सेवाहरु उपर समान पहुँच विकास गर्नका लागि जाति अल्पसंख्यकलाई सक्षम बनाउने उपायहरु :**

**सम्बन्धित सेवाहरु**

- विभागले सान्दर्भिक समाज कल्याण सेवाहरु उपर समान पहुँच विकास गर्नका लागि जातिय अल्पसंख्यकलाई सक्षम बनाउने उपायहरु अबलम्बन् गरेको छ, र समाज कल्याण सेवाहरु प्रयोग गरिरहेका जातिय अल्पसंख्यकहरुको व्यक्तिगत तथ्याङ्कको सुरक्षा गर्दछ ।

**विद्यमान उपायहरु**

<u>जातिय अल्पसंख्यकहरु तथ्याङ्क र जानकारीहरुको सन्दर्भ</u>

- कल्याण सेवाको योजना र कार्यान्वयनमा SWD ले अल्पसंख्यक जातिहरुको तथ्यांक र सूचनाको सन्दर्भ सेन्सस एण्ड स्टाटिस्टिक्स डिपार्टमेन्ट, अन्य सरकारी विभागहरु तथा गैर-सरकारी संस्थाहरु (NGOs) लगायतका विभिन्न श्रोतहरुमा उपलब्ध गराएको छ

रदोभाषे र अनुवाद सेवाहरुको प्रयोगका तथ्यांक संकलन गर्न अल्पसंख्यक जातिहरुका सामाजिक आवश्यकताहरुलाई अझ राम्ररी बुझ्न जनवरी 2019 देखि सुरुवात गरेको छ ।

<u>जातिय अल्पसंख्यकको भाषाहरुमा सेवासम्बन्धी लिफलेटहरु</u>

- सेवासम्बन्धी प्रमुख लिफलेटहरु जातिय अल्पसंख्यकका छवटा भाषामा[1] अनुवाद हुने क्रमलाई निरन्तरता दिइने छ १ । तनीहरु सरल पहुँच र सन्दर्भको सुविधाका लागि सेवा एकाइहरुमा राखिएको र /विभाग को होम पेजमा अपलोड गरिएको छ ।

<u>विभागको गृहपृष्ठ</u>

- विभागले जातिय अल्पसंख्यक, सर्वसाधरण, विभागका कर्मचारी तथा गैर-सरकारी संस्थाको उपयुक्त सेवाका जानकारीमा जातिय अल्पसंख्यकका विभिन्न भाषामा सहज पहुँच चलाई सहजीकरण विभागको गृह पृष्ठमा “जातिय अल्पसंख्यकका लागि जानकारी”को सर्टकट आइकन बनाएको छ ।

<u>दोभाषे सेवा</u>

- अल्पसंख्यक जातिहरुलाई सामाजिक कल्याण सेवा प्रदान गर्दा SWD ले आवश्यकता अनुसार दोभाषे सेवाको व्यवस्था गर्नेछ ।स्टाफहरुले अल्पसंख्यक जातिहरुका लागि अदालत दोभाषे सेवा, अस्पताल प्राधिकरणद्वारा प्रदान गरिने दोभाषे सेवा, हंककंग क्रिस्चियन सर्भिस अन्तर्गतको सेन्टर फर हार्मोनी एण्ड इन्ह्यांसमेन्ट अफ इथ्निक

[1] छ जातीय भाषामा, भाषा इंडोनेशिया, हिंदी, नेपाली, तागालोग, थाई र उर्दू सङ्लग्न रहेका छन्।

माइनोरिटी रेसिडेन्ट (CHEER) जसले गृह मामिला विभाग तथा अन्य गैर-सरकारी संस्थाको आर्थिक सहायतामा दोभाषे सेवा प्रदान गर्दछ ।

वेव क्यामेराका सुविधाहरु

- विभागले आवश्यकताअनुसार, सेवाका प्रयोगकर्ता, समाजिक कार्यकर्ता (विभागीय इकाइहरु र एकीकृत पारिवारिक सेवा केन्द्रहरु/गैर सरकारी संस्थाहरुद्वारा सञ्चालित एकीकृत सेवा केन्द्रहरु लगायत)/समाजिक सुरक्षाका कर्मचारी र दोभाषेबीच त्रिपक्षीय भिडियो सम्मेलन सञ्चालन गर्नको लागि १० वटा सेवा इकाइहरुमा वेव क्यामेराको सुविधाको स्थापना गरेको छ ।

विभागको हटलाईनमा सोधपुछ गर्दा जातिय अल्पसंख्यकहरुका लागि तत्कालै उपलब्ध हुने टेलिफोन दोभाषे सेवा

- जातिय अल्पसंख्यकहरुको समाज कल्याण्का सेवालाई सहजीकरण गर्न विभागको हटलाईन (2343 2255) ले जातिय अल्पसंख्यकका सातवटा साझा भाषामा जातिय अल्पसंख्यकहरुले टेलिफोन गर्दा टेलिफोनमार्फत हुने दोभाषे सेवामा तत्कालै पहुँच हुने गरी सेवा उपलब्ध गराएको छ ।

जातिय अल्पसंख्यकहरुलाई समाज कल्याणका सेवा प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु

- SWD ले “अल्पसंख्यक जातिका लागि कल्याणकारी सेवा प्रदान गर्ने ध्यानकर्षण गर्ने” जारि गरेको छ । सामाजिक कार्यक्रर्ता/ डिपार्टमेन्टल युनिटका सामाजिक सुरक्षा कर्मचारी, एकत्रित परिवार सेवा केन्द्रका सामाजिक कार्यकर्ताहरु, गैर-सरकारी संस्थाद्वारा संचालित एकत्रित

परिवार सेवा केन्द्र, अल्पसंख्यक जातिका समूहहरुलाई सेवा प्रदान गर्ने सहायक युवा सेवा । यस अन्तर्गत विविध अल्पसंख्यक समूहहरुका सांस्कृतिक अभ्यासहरु तथा उचित दोभाषे एवं अनुवाद सेवा आदिको व्यवस्थापन पनि पर्दछ । SWD ले कर्मचारी संचालन तथा व्यवस्थापनका लागि पोइन्ट टु नोटको नयाँ संस्करण, प्रोटोकल तथा अंग्रेजी लिपि, टेलिफोन सोधपुछ लगायतका सेवा एकाईहरु प्रदान गरेको छ ।

<u>"जातिय अल्पसंख्यकका लागि सहायता र दोभाषे सेवाहरु" सम्बन्धी सूचना</u>

- समाज कल्याणका सहायता प्राप्त गर्ने माध्यम तथा टेलिफोन दोभाषे सेवा प्रति जातिय अल्पसंख्यकहरुको ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले, विभागका सेवा इकाइका प्रवेश कक्षमा जातिय अल्पसंख्यकका भाषामा अनुवाद गरिएका "जातिय अल्पसंख्यकका लागि सहायता र दोभाषे सेवाहरु"सम्बन्धी सूचना टाँसेको छ ।
- साथै, जातिय अल्पसंख्यकहरु सोधपुछ गर्न वा सेवा लिन आउछन्, उनीहरुलाई सो सूचनाको एक प्रति दिइन्छ । यो सूचना विभागको गृह पृष्ठमा पनि उपलब्ध छ ।

<u>प्रत्येक जिल्लामा तोकिएका व्यक्ति</u>

- जातिय अल्पसंख्यकहरुलाई कल्याण सेवा प्रदान गर्ने क्रममा सहकर्मीहरुलाई आन्तरिक सहायता प्रदान गर्न प्रत्येक प्रशासकिय जिल्लामा विभागले तोकिएको व्यक्ति खटाएको छ ।

<u>समाज कल्याण सेवाहरु उपरको पहुँचमा भेदभाव रहित प्रवेश नीति</u>

- विभाग अन्तर्गतका सेवा इकाइहरु र सेवा प्रदर्शन प्रणालीद्वारा अनुगमन गरिने सरकारी अनुदान प्राप्त गैर सरकारी संस्थाहरुका साथै साथसाथै विभागले करारको शर्तअनुसार अनुगमन गर्ने करार सेवा इकाइहरुले सेवा प्रयोगकर्ताहरुले सेवाको प्रयोग कसरी शुरु वा छोड्न सक्छन् भन्नेबारेमा स्पष्ट र सही जानकारी पाउने कुरा र सेवा शुरु गर्ने नीति भेदभाव रहित हुने कुरा सुनिश्चित गर्नु आवश्यक हुन्छ ।

<u>व्यक्तिगत तथ्याङ्कको सुरक्षा</u>

- विभागले व्यक्तिगत जनकारी संकलन विवरणलाई उपर्युक्त छवटा जातिय अल्पसंख्यकको भाषामा अनुवाद गरेको छ जसले गर्दा जातिय अल्पसंख्यकका सेवाग्राहीहरुले सेवा लिन चाहदा विभागका कर्मचारीहरुले सोध्ने उनीहरुको व्यक्तिगत विवरणको अभिप्राय र व्यक्तिगत विवरण (गोपनीयता) अध्ययादेश अन्तर्गत उनीहरुको व्यक्तिगत विवरणउपरको पहुँच र सच्च्याउन सक्ने अधिकारका बारेमा अझ राम्ररी बुझ्न सकुन ।

**योजनावद्ध उपायहरु**

- SWD ले अल्पसंख्यक जातिहरुले उचित कल्याणकारी सेवा प्राप्त गर्न सकून् भन्ने हेतुले हंककंग आईल्याण्ड, कोलुन र न्यु टेरिटरी जस्ता तीन आउटरीचिंग टोलीहरु स्थापना गर्नका लागि गैर-सरकारी संस्थाहरु परिचालन गर्नेछ । मे 2019 मा गैर-सरकारी संस्थाहरुलाई प्रस्तावना बुझाउन आह्वान गरिएको थियो । मार्च 2020 सम्ममा सेवा संचालन हुने अपेक्षा गरिएको छ ।

- SWD ले 2019-20 मा अल्पसंख्यक जातिहरुको घरेलु हिंसा र यौन हिंसा सम्बन्धी चेतना बढाउन र ति जातिमा रहेका यौन हिंसा र घरेलु हिंसाका पीडितहरुलाई समुदाय शिक्षा कार्यक्रमबाट सहयोग खोज्न प्रोत्साहन गर्नका लागि

एक गैर-सरकारी संस्था संचालन गर्नेछ ।

- SWD ले विशेष बाल हेरचाह केन्द्र र  पूर्व शिक्षामा भर्ना हुने अल्पसंख्यक जातिका बालबालिकाहरु जसलाई विशेष शिक्षाको जरुरत छ, तिनका अविभावक/परिवारका सदस्यहरुसंगका संचार, सामाजिक सहायताको व्यवस्था सहितका पूर्व-बाल शिक्षा एवं तालिम केन्द्रहरुमा छुट प्रदान गर्नेछ जुन 2019/20 को स्कुल बर्षबाट शुरु हुनेछ ।

- अपाङ्गता भएका अल्पसंख्यक जातिहरुमा सामुदायिक सहायता मजबुत गर्नका लागि 2019-20 मा  SWD ले जिल्लाहरुमा रहेका धेरै अल्पसंख्यक जातिहरुका अपाङ्गता भएका व्यक्तिहरुका लागि  पाँच अविभावक/आफन्त श्रोत केन्द्रहरुमा विशेष अल्पसंख्यक जाति युनिट स्थापना गर्नेछ ।

**भविष्यको कामको लेखाजोखा**

<u>जातिय अल्पसंख्यकहरुको भाषाहरुमा सेवासम्बन्धी लिफलेटहरु</u>

- विभागले कर्मचारी र सेवाग्राहीहरु सेवासम्बन्धी लिफलेटका बारेमा प्रतिक्रिया संकलन गर्ने कार्य जारी राख्नेछ ।

<u>विभागको गृहपृष्ठ</u>

- विभागले कर्मचारी र सेवाग्राहीहरुबाट विभागको गृहपृष्ठको बारेमा  प्रतिक्रिया संकलन गर्ने कार्य जारी राख्नेछ ।

<u>समाज कल्याण सेवाहरु उपरको पहुँचमा भेदभाव रहित प्रवेश नीति</u>

- विभाग तथा सरकारी अनुदान प्राप्त गरेका गैर-सरकारी संस्थाका सेवा इकाइका साथसाथै करार सेवा इकाइहरुले माथि उल्लिखित भेदभाव रहित प्रवेश नीतिप प्रतिको उनीहरुको अनुपालनसम्बन्धी अनुगमनका उनीहरुको

आन्तरिक र बाह्य मूल्याङ्कनहरु भई रहनेछ ।

<u>जातिय समानता प्रवद्र्धन गर्ने सूचक(हरु)</u>

- विभागले जातिय समानता प्रवद्र्धन निरन्तर रुपमा गर्नेछ र यसको एउटा उपाय स्थापित सूचकहरुको उपलब्धी दर(हरु) नियमित अनुगमन र प्रभावकारीताको समीक्षा हो ।

**अपनाइनु पर्ने अतिरिक्त उपायहरु**

- विभागले नियमित रुपमा-
  - प्रमुख कल्याणकारी सेवाहरुको समेट्नका लागि थप सेवासम्बन्धी लिफलेटहरुको अनुवाद गर्नेछ र तिनीहरुलाई विभागको गृहपृष्ठमा आवश्यकता अनुसार अपलोड गर्नेछ
  - आवश्यकताअनुसार सेवासम्बन्धी जानकारी तथा लिफलेटहरु जातिय अल्पसंख्यकहरुको भाषामा अद्यावधिक गर्नेछर
  - जातिय अल्पसंख्यकका भाषाहरुमा सेवासम्बन्धी नयाँ लिफलेटहरुको विकास गर्नेछ र विभागको गृहपृष्ठमा आवश्यकता अनुसार अपलोड गर्नेछ ।

## B. विभाग, गैर-सरकारी संस्थाहरु र करार सेवा इकाइका कर्मचारीहरुका लागि तालिम

**सम्बन्धित सेवाहरु**

- विभाग/गैर-सरकारी संस्थाहरु/करार सेवा इकाइका कर्मचारीहरुको जातिय समानतासम्बन्धी चेतना, बुझाइ र संवेदनशीलता अभिवृद्धि गर्ने

**विद्यमान उपायहरु**

- विभागले नियमित रुपमा-

- विभागका कर्मचारीका लागि जातिय भेदभावसम्बन्धी अध्ययादेश (आरडिओ) र सम्बन्धित निर्देशिकासम्बन्धी तालिमको व्यवस्था गर्नेछ;

- विभागका कर्मचारीको सन्दर्भका लागि उपयुक्त निर्देशिका विभागको इन्ट्रानेटमा र विभागका कर्मचारी तथा गैर- सरकारी संस्थाहरु सहज पहुँचका लागिको ई-लर्निङ केन्द्रकमा तालिम सामग्रीहरु अपलोड गर्नेछ;

- तथा SWD, एनजीओ तथा सम्झौता सेवा युनिटका कर्मचारीहरुका लागि तिनकोसंस्कृति, जीवनशैली तथा अल्पसंख्यक जातिको आवश्यकता सम्बन्धी सेवालाई सुधार गर्न तालिम कार्यक्रम संचालन गर्ने ।

- विभागका कर्मचारीलाई निजामति सेवा तालिम तथा विकास संस्था, समान अवसर आयोग वा उपयुक्त निकायहरुबाट आयोजना हुने जातिय भेदभावसम्बन्धी अध्ययादेश र सम्बन्धित निर्देशन, जातिय संवेदनशीलता र सांस्कृतिक विविधतासम्बन्धी तालिम कार्यक्रममा सहभागी हुन प्रोत्साहन गर्नेछ ।

**भविष्यको कामको मूल्यांकन**

- विभागले नियमित रुपमा-
  - सञ्चालन हुने सम्बन्धित तालिम कार्यक्रमको संख्या तथा सहभागीहरुको ग्रेड/रेङ्कको तथ्याङ्क संकलन तथा विश्लेषण वार्षिक रुपमा गर्नेछ
  - सञ्चालन हुने तालिम कार्यक्रमका सहभागीहरुबाट प्रतिक्रया संकलन गर्नेछ र
  - कस्तो प्रकारका तालिम कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा कर्मचारीहरुबाट सर-

सल्लाहहरु लिनेछ ।

**सार्वजनिक सोधपुछ**

सोधपुछ वा प्रतिक्रियाका लागि, कृपया विभागको संस्थागत योजना तथा समन्वय शाखाको सामाजिक कार्य अधिकृत (संस्थागत समन्वय)लाई 21529305 मा सम्पर्क गर्नुहोला ।

**समाज कल्याण विभाग**
**जुलाई 2019**